बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता-पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल

प.सं:-२०८०/०८१
च.नं:- ३६५५

मिति : २०८०/१२/१८

श्री वडा कार्यालयहरु सबै
बर्दघाट नगरपालिका ।

विषय : औषधी उपचार खर्चको विवरण बारे ।

प्रस्तुत विषयमा "मृगौला प्रत्यारोपण गरेका, डायलासिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीलाई औषधी उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धि कार्यविधि २०७८" अनुरुप यस नगरपालिकावाट २०८० पौष मसान्तसम्मको उपचार खर्च मासिक रु ५०००|-का दरले भुक्तानी भैसकेको र २०८० माघ वाट २०८० चैत्र सम्मका नयाँ तथा पुराना रोगीहरुको अनुसूची -४ (दफा ७ संग सम्बन्धित) औषधी उपचार वापत खर्च पाउने व्यक्तिहरुको नामावली यस नगरपालिकाको स्वास्थ्य शाखामा पठाइदिनहुन अनुरोध छ | नयाँ निबेदन पेश गरेका बिरामीहरुको हकमा संलग्न कागजपत्रको फोटोकपी र नेपाल इन्भेस्टमेन्ट मेघा बैंक लि. बर्दघाटमा बैंक खाता खोलि चेकको फोटोकपी समेत यसै २०८१ बैसाख ७ गतेभित्र पेस गर्नहुन अनुरोध गरिन्छ ।

प्रकाश खनाल
प्रमुख प्रशासकीय अधिकृत

नोट,

१) क्यान्सर रोगी (क्यान्सर पहिचान भइ उपचार पछी निको भइसकेका तर चिकित्सकले तीन-तीन महिना भित्र निरन्तर निगरानीमा "close follow up /तीन-तीन महिनामा चिकित्सककोमा जांच गराएको" रहेको व्यक्ति सम्झनु पर्छ | हाल उपचारमा नरहेका व्यक्ति लाभग्राहिको सिफारिसमा पर्दैनन् |

२) शोध भर्ना रकम स्वास्थ्य मन्त्रालयबाट माग गर्नु पर्ने भएकोले बैसाख ७ गते भन्दा पछी आउने सिफारिसहरूको रकम भुक्तानी गर्न नसकिने व्यहोरा समेत जानकारी गराइन्छ|

सम्पर्क व्यक्ति Gmail : krishnaharipoudel2034@gmail.com
cell phon : 9857080125

बोधार्थ : सुचना प्रबिधि शाखा ,वेब साइटमा अपलोड गरिदिनु हुन ।